बैठक संख्या ५१
कार्यपालिका बैठक मिति २०७६।०२।०३

**निर्णय नं. १**

इटहरी उपमहानगरपालिकाको चालु आ.ब. २०७५।०७६ मा हाल सम्म भए गरेको प्रगतिका बिषयमा प्रगति समिक्षा बैठक तथा आगामी आ.व.०७६।०७७ को वजेट निति तथा कार्यक्रमको सुझाव सम्वन्धी छलफल कार्यक्रम आगामी मिति २०७६।०२।१० गते शुक्रबारका दिन ११:०० बजेबाट दुर्गा पार्टी प्यालेसमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

इटहरी उपमहानगरपालिकाबाट भईरहेको घर नक्सा पास गर्दा बरिष्ठ इन्जिनियर, इन्जिनियर, अमिन लगायतको दस्तखत नक्कल गरी घर नक्सा पास गरेको बुझिन आएको सम्बन्धमा के कसरी, के कसको संलग्नतामा घर नक्सा पास किर्ते भएको हो सो सम्बन्धमा सत्य तथ्य बुझि छानविन गरी १५ दिन भित्र प्रतिबेदन पेश गर्ने गरी देहायको एक छानविन समिति गठन गर्ने निर्णय गरियो ।

(क) संयोजक :- श्री कल्याण बहादुर कार्की, वडाध्यक्ष वडा नं. ५

(ख) सदस्य :- श्री चन्द्र प्रसाद भट्टराई, वडाध्यक्ष वडा नं. ४

(ग) सदस्य :- श्री दीपक गौतम, वडाध्यक्ष वडा नं. ६

(घ) सदस्य :- श्री हेमानन्द दाहाल, वडाध्यक्ष वडा नं. १२

(ङ) सदस्य :- श्री शिव नारायण चौधरी, वडाध्यक्ष वडा नं. १३

(च) सदस्य :- श्री इन्दिरा राई, कार्यपालिका सदस्य

(छ) सदस्य सचिव :- श्री राम प्रसाद तिमल्सेना, शाखा अधिकृत (प्रशासन शाखा)

**निर्णय नं. ३**

इटहरी उपमहानगरपालिकाबाट भईरहेको घर नक्सा पास गर्दा बरिष्ठ इन्जिनियर, इन्जिनियर, अमिन लगायतको दस्तखत नक्कल गरी घर नक्सा पास गरेको बुझिन आएको सम्बन्त्रधमा घर नक्सा पास किर्ते गर्ने गराउने दोषी पत्ता लगाई कार्वाही अगाडी बढाउनका लागि इलाका प्रहरी कार्यालय, इटहरीलाई अनुरोध गर्ने निर्णय गरियो ।